प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## प्रेस विज्ञप्ति

मिति : २०७७/२/१६

माननीय मीन प्रसाद  गुरुङज्यूको अगुवाईमा जिल्ला समन्वय समितीका प्रमुख सीता सुन्दास, पुतलीबजार, वालिङ, अर्जुन चौपारीका प्रमुख तथा विभिन्न वडाका वडा अध्यक्षहरू, स्वास्थ्य निर्देशक डा. विनोद विन्दु शर्मा, प्रमुख जिल्ला अधिकारी गंगा ब क्षेत्री, जिल्ला प्रहरी प्रमुख, सामाजिक मन्त्रालयका जनस्वास्थ्य महाशाखा प्रमुख शम्भु प्र. ज्ञवाली लगायतको टिमले आज स्याङ्जाको हेलु स्थित कालिका सामुदायिक अस्पतालमा कोभिड १९ का संक्रमितलाई आइसोलेसन केन्द्र बनाउने सम्बन्धमा अध्ययन र छलफल सम्पन्न  भएको छ।

हब तथा सेटेलाईट अस्पतालमा काम गर्ने प्रयोगशालाकर्मीहरुलाई प्रयोगशाला सम्बन्धी क्षमता अभिबृद्धि गर्नका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको आयोजनामा मिति २०७७ जेष्ठ १६  गते  लमजुङ जिल्लामा अभिमुखिकरण कार्यक्रम  सम्पन्न भयो। कार्यक्रममा लमजुङ जिल्लाका सामुदायिक र निजी अस्पताल तथा विभिन्न स्थानिय तहमा रहेका स्वास्थ्य संस्थाका प्रयोगशालाकर्मीको सहभागिता रहेको थियो। सहभागीहरुलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका कन्सल्टेन्ट प्याथोलोजिष्ट डा. मोनी सुवेदी, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका प्राविधिक शुभद्रा दुलाल लगायतले प्रशिक्षण प्रदान गर्नुभएको थियो भने स्वास्थ्य कार्यालय लमजुङका प्रमुख अमर दुवाडी र स्वास्थ्य निर्देशनालयका नानीबाबु दानीको समेत उपस्थिति रहेको थियो।

आज Nutrition Cluster को भर्चुअल बैठकमा स्वास्थ्य निर्देशनालयको तर्फबाट नवराज शर्माज्यूले सहभागिता जनाउनुभयो, उहाँले कोभिड–१९ संक्रमणका कारणले उत्पन्न परिस्थितिमा बालबालिका तथा गर्भवती र सुत्केरी महिलामा पोषणको कमि हुन नदिनका लागि स्वास्थ्य निर्देशनालयको तर्फबाट गरिएको प्रयासहरु तथा विद्यमान चुनौतीहरुको बारेमा जानकारी प्रदान गर्नुभयो।

कोभिड–१९ संक्रमित विरामीहरुको रोग प्रतिरोधात्मक क्षमता बृद्धिका लागि जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जाले स्थानिय रुपमा उपलब्ध जडिबुटी तथा औषधिहरु उपलब्ध गराउनुका साथै तनाव व्यवस्थापनका लागि भिडियो कन्फ्रेन्सद्वारा योग प्राणायाम सुचारु गरेकोछ।

गण्डकी प्रदेशमा आजसम्म २५६९ जनाको PCR परिक्षण भएको छ भने १९ जनाको परिक्षण परिणाम पोजिटिभ रहेको छ। यसै गरि गण्डकी प्रदेशमा आजसम्म ८६३०जनाको RDT परिक्षण भएको छ।

**डा विनोद विन्दु शर्मा**
**निर्देशक**